विशेष अदालत, काठमाडौं

इजलास

सदस्य माननीय न्यायाधीश श्री द्वारिकामान जोशी

सदस्य माननीय न्यायाधीश श्री रत्नबहादुर बागचन्द

सदस्य माननीय न्यायाधीश श्री चण्डीराज ढकाल

फैसला

इजसाल नं २

२०७४ सालको स.फौ.०७४-CR-०१०८

निर्णय नं .३४

अख्तियार दुरुपयोग अनुसन्धान आयोग, टंगाल काठमाण्डौंका अनुसन्धान अधिकृतद्वय श्रवण कुमार लुईटेल र पृथ्वीनारायण ओलीको प्रतिवेदनले नेपाल सरकार.....वादी

विरुद्ध :-

जिल्ला सर्लाही, साबिक कौडेना गा.वि.स.,१ हाल कौडेना गा.पा. ,१ स्थायी वतन भएका बनारसी चौधरीको नाति, राम केवल चौधरीको छोरा वर्ष २९ को नेपाल विद्युत प्राधिकरण, कलैया वितरण केन्द्र बारामा ईन्जिनियर पदमा कार्यरत रतनेश कुमार चौधरी.....प्रतिवादी

मुद्धा :- घुस/रिसवत लिई भ्रष्टाचार गरेको।

विशेष अदालत ऐन, २०५९ को दफा ६ तथा मिति २०५९।५।६ को नेपाल राजपत्रमा प्रकाशित सूचना बमोजिम यसै अदालतको क्षेत्राधिकारभित्र रही दायर हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य र ठहर यस प्रकार रहेको छ -

तथ्य-खण्ड

१. संक्षिप्त व्यहोरा :-

१.१.निवेदक जाकिर हुसेन अन्सारीको उजुरी/निवेदनको छोटकरी व्यहोराः-

आयोगको कार्यालय हेटौंडामा परेको उ.द.नं. २५४ मिति २०७४।१२।२० गतेको जिल्ला बारा, करैयामाई गाँउपालिका वडा नं.-४ बस्ने जाकिर हुसेन अन्सारीले आफ्नो घरमा धान कुट्ने तथा गहुँ पिसानी गर्ने सेलर मिल संचालन गर्दै आएकोमा उक्त मिलको क्षमता बढाउनको लागि आज भन्दा तीन महीना अगाडि नेपाल विद्युत प्राधिकरण, कलैया, बारामा निवेदन दिएकोमा सो निवेदन उपर कारवाही नभएपछि सो काम गरिदिनका लागि पटक-पटक कार्यालयमा जाँदा समेत मेरो काम नभएकोले कार्यालय प्रमुखको आदेशानुसार कार्यालयको ९ नं. कोठामा वस्ने इन्जिनियर साहव र सुपरभाइजर अनिल प्रसाद यादवलाई आफ्नो काम गरिदिनका लागि कुरा गर्दा निजहरुले उक्त मिलको क्षमता वढाउनको लागि हामीलाई रु.२०,०००।- (वीस हजार रुपैया) घुस दिनु भयो भने काम गर्छौं भने पश्चात मोलमोलाई गर्दै

जाँदा रसिदको लागि रु.१,५००।- र हामीलाई रु.९,५००।- (नौ हजार पाँच सय रुपैंया) घुस रकम दिनु भनेकोले निजहरुलाई घुस/रिसवत वापतको रकम दिनको लागि आयोगबाटै रकम उपलब्ध गराई घुस/रिसवत लिने कर्मचारीलाई आवश्यक कारवाही गरी पाँउ भन्ने व्यहोराको जिल्ला बारा करैयामाई गाउँपालिका वडा नं. ४ बस्ने जाकिर हुसेन अन्सारीको लिखित उजुरी निवेदन।

१.२. नोट बुझेको भर्पाईः-

निवेदक जाकिर हुसेन अन्सारीको निवेदन अनुसार आयोगको कार्यालय हेटौंडाबाट मिति २०७४।१२।२१ गते रु. १००० दरका थान ९ र ५०० को दरको थान १ समेत गरी हुन आउने रु.९,५००।—(नौ हजार पांचसय) बुझीलिएको भर्पाई।

१.३. खटाई पठाइएको पत्रको व्यहोरा :-

जिल्ला बारा, करैयामाई गाँउपालिका वडा नं.-४ बस्ने जाकिर हुसेन अन्सारीले आफ्नो घरमा धान कुट्ने तथा गहुँ पिसानी गर्ने सेलर मिल संचालन गर्दै आएकोमा उक्त मिलको क्षमता बढाउनको लागि आज भन्दा तीन महिना अगाडि नेपाल विद्युत प्राधिकरण, कलैया, बारामा निवेदन दिए पनि आज भन्दा एक महीना अगाडि मात्र निवेदन दर्ता भई सो निवेदन उपर कारवाही नभएपछि सो काम गरी दिनका लागि पटक-पटक कार्यालयमा जाँदा समेत मेरो काम नभएकोले कार्यालय प्रमुखको आदेशानुसार कार्यालयको ९ नं. कोठामा वस्ने इन्जिनियर साहव र सुपरभाइजर अनिल प्रसाद यादवलाई आफ्नो काम गरिदिनका लागि कुरा गर्दा निजहरुले उक्त मिलको क्षमता वढाउनको लागि हामीलाई रु.२०,०००।- (वीस हजार रुपैया) घुस दिनु भयो भने काम गर्छौं भने पश्चात मोलमोलाई गर्दै जाँदा रसिदको लागि रु.१,५००।- र हामीलाई रु.९,५००।- (नौ हजार पाँच सय रुपैंया) घुस रकम दिनु भनेकोले निजहरुलाई घुस रिसवत वापतको रकम दिनको लागि आयोगबाटै रकम उपलब्ध गराई घुस रिसवत लिने कर्मचारीलाई आवश्यक कारवाही गरि पाँउ भनी मिति २०७४/१२/२० गते यस कार्यालयमा निवेदन दिएको हुँदा निज निवेदकलाई भरपाई गराई माग बमोजिमको रकम रु.९,५००।- (नौ हजार पाँस सय रुपैया) उपलब्ध गराई सकिएकोले तपाँईको साथमा निम्न कर्मचारीहरु समेतलाई यसै पत्रसाथ खटाइ पठाइएको छ, निज इन्जिनियर रतनेश कुमार चौधरी तथा सुपरभाइजर अनिल कुमार यादव समेतले उल्लेखित क्रियाकलाप गरेको पाइएमा दशी प्रमाण सहित यस कार्यालयमा दाखिला गर्नु हुन अनुरोध छ भन्ने व्यहोराको प्र.ना.उ. श्री महेन्द्र खड्का समेतको टोलिलाई खटाईएको अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय हेटौंडा, मकवानपुरको च.नं. १५२१ मिति २०७४।१२।२१ गते पत्र।

१.४.नोटको फोटोकपिः-

निवेदकलाई आयोगको कार्यालय हेटौंडाबाट उपलब्ध गराईएको रु.१००० दरका थान ९ र रु. ५०० दरको थान १ समेत गरी जम्मा ९,५००।—(नौ हजार पांचसय) को फोटोकपि गराईएको पाना ४।

१.५. खानतलासी पूर्जीको व्यहोराः-

आयोगको कार्यालय हेटौंडाको मिति २०७४।१२।२१ गते जिल्ला सर्लाही कौडेना गा.पा. वडा नं. १ स्थायी ठेगाना भई हाल नेपाल विद्युत प्राधिकरण, कलैया वितरण केन्द्र बारामा कार्यरत ईन्जिनियर रतनेश कुमार चौधरीलाई दिईएको खानतलासी पूर्जी।

१.६. खानतलासी तथा बरामदी मुचुल्काको व्यहोरा :-

जिल्ला बारा कलैया उप-महानगरपालिका वडा नं. ५ स्थित पूर्वमा गोवर्धन महतो कोईरीको खालि जग्गा, पश्चिममा सोनालाल साह कलवारको पक्कि घर, उत्तरमा कलैया विरगञ्ज जोड्ने मूख्य सडक र दक्षिणमा सुरेश मोदकको खालि जग्गा यति चारकिल्ला भित्र रहेको नेपाल विद्युत प्राधिकरण कलैया, बाराको चारैतिरबाट कम्पाउण्ड वाल भई भित्र कार्यालय भवन रहेको, कार्यालय भवनहरु मध्ये कम्पाउण्ड भित्र पश्चिम तर्फ पूर्व मोहडाको दुई तले पक्की भवन भई सो भित्र भूंई तलमा तीनवटा कोठाहरु रहेकोमा भूई तलाको उत्तर तर्फ कोठा नं. १२ मा इन्जिनियर रतनेश कुमार चौधरीको कोठा रहेको, सो कोठा प्रवेश गरी हेर्दा उत्तर पश्चिम कुनामा एउट टेवल कुर्सी र टेवल माथि एउटा कम्प्युटर रहेको, उत्तर वाल र पूर्व वालमा टांसिएर राखेको दुईवटा टेवल भई एउटा टेवलमा कम्प्युटर र एउटा टेवलमा प्रिन्टर रहेको, सोही टेवल नजीक कुर्सी भई सो कुर्सीमा पूर्व फर्केर ईन्जिनियर रतनेश कुमार चौधरी बसेको अवस्थामा फेला परेकोले निजको शरीर तथा निज बस्ने टेवलको घर्रा समेत रीतपूर्वक खानतलासी गर्दा दक्षिण तर्फ रहेको टेवलकोतीन वटा घर्रा मध्ये माथिल्लो घर्रामा सेवाग्राहीबाट लिएको सि.नं. ३ मा उल्लेखित नम्वर बमोजिमको रकम रु. ९,५००।-(नौ हजार पांचसय) समेतका चिजवस्तुहरु बरामद गरिएको चारकिल्ला सहितको विवरण ठीक छ भन्ने व्यहोराको अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय हेटौंडा, मकवानपुरबाट खटिई गएको टोलिले रीतपूर्वक बरामद गरी हाम्रो सामुन्नेमा लगेको ठीक साँचो हो भन्ने व्यहोराको मिति २०७४।१२।२१ गतेको खानतलासी तथा बरामदी मुचुल्का।

१.७.रंगेहात नमूना संकलन मुचुल्काको व्यहोरा :-

रंगेहात परीक्षण गर्ने नेपाल विद्युत प्राधिकरण कलैया, बाराका इन्जिनियर वर्ष २९ का रतनेस कुमार चौधरी र सोही कार्यालयका कार्यालय प्रमूख वर्ष ४१ का धुपेन्द्र कुमार झाको S0DIUM CARBONATE मिसाइएको छुट्टा छुट्टै पानीको गिलासमा हात धुन लगाउँदा उल्लेखित गिलासहरूमध्ये इन्जिनियर वर्ष २९ का रतनेश कुमार चौधरीले हात धोएको गिलासको पानीको रङ बैजनी रातो (LIGHT PINK TO VIOLET RED) भएको तथा सोही कार्यालयका कार्यालय प्रमूख वर्ष ४१ का धुपेन्द्र कुमार झाले हात धोएको गिलासको पानीको रङ परिवर्तन नभएकोले यो रंगेहात नमूना संकलन गरिएको भन्ने समेत व्यहोराको मिति २०७४।१२।२१ गतेको रंगेहात परीक्षण नमुना संकलन मुचुल्का।

१.८. प्रहरी नायव उपरिक्षक महेन्द्र खड्का समेतको प्रतिवेदनको व्यहोरा :-

आयोगको कार्यालय हेटौंडाको च.नं. १५२१ मिति २०७४।१२।२१ गतेको पत्रसाथ हामी खटिई गएकोमा उल्लेखित निवेदनको सूचना माथि निगरानि गर्दै सम्बन्धित स्थल कलैया उप-महानगरपालिका वडा नं. ५ स्थित नेपाल विद्युत प्राधिकरण कलैया बाराको ईन्जिनियर रतनेश कुमार चौधरीको कार्यकक्ष भुंई तल्लाको कोठा नं. १२ मा खानतलासी गर्दा दक्षिण तर्फ रहेको टेवलको तीनवटा घर्रा मध्ये माथिल्लो घर्रामा सेवाग्राहीबाट लिएको घुस/रिसवत वापतको रकम रु. ९,५००।—(नौ हजार पांचसय) रीत पूर्वक बरामद गरी निज इन्जिनियर रतनेश कुमार चौधरीलाई नियन्त्रणमा लिई तयार पारेको मुचुल्का सहितको तपसिल बमोजिमका कागजातहरु संलग्न राखी मानिस सहित यो प्रतिवेदन पेश गरेका छौं भन्ने व्यहोराको प्रहरी नायव उपरीक्षक महेन्द्र खड्का समेतको प्रतिवेदन।

१.९. अडियो भिडियो सि.डिः-

निबेदक जिल्ला बारा करैयामाई गा.पा. वडा नं. ४ का जाकिर हुसैन अन्सारी र जि. सर्लाही कौडेना गा.पा. वडा नं.१ स्थायी ठेगाना भई हाल नेपाल विद्युत प्राधिकरण, कलैया वितरण केन्द्र बाराका

ईन्जिनियर रतनेश कुमार चौधरी बीच भएको फोन वार्तालाप रेकर्ड तथा श्रव्यदृश्य सहितको सि.डि.थान २(दुई) ।

१.१०. आवश्यक कारवाहीको लागि बरामदी दशीसहित मानिस पठाईएको पत्रको व्यहोराः-

आयोगको कार्यालय हेटौंडाबाट खटिई गएको टोलिले नेपाल विद्युत प्राधिकरण कलैया वितरण केन्द्र बाराका ईन्जिनियर रतनेश कुमार चौधरीलाई सेवाग्राहीबाट लिएको घुस रिसवत रकम रु. ९,५००।—(नौ हजार पांचसय) सहित पक्राउ गरी थप अनुसन्धान तथा कारवाहीको लागि दशीका सामानहरु सहित आयोगको कार्यालय हेटौंडाको च. नं. १५३२ मिति २०७४।१२।२२ गतेको पत्रसाथ प्राप्त मानिस तथा दशीका सामानहरु।

१.११. निवेदक जाकिर हुसेन अन्सारी र नेपाल विद्युत प्राधिकरण, कलैया वितरण केन्द्र बाराका ईन्जिनियर रतनेश कुमार चौधरी बीच भएको फोन वार्तालापको व्यहोराः-

निवेदकले म खुश्बु राईस मिलको साहु भन्दा ईन्जिनियर रतनेश कुमार चौधरीले अहिले अनिल आएको छैन, भोलि पर्खनु पर्छ भनेको, निवेदकले सर तपांईसंग कुरा भईहाल्यो, महशुल व्यवस्था गरेर घरबाट बाहिर निस्कि सके,केही समयमा कार्यालय पुगीहाल्छु भन्दा ईन्जिनियरले ठिक छ आउनुन छोडीदिनु म काम गराई दिन्छु भनेको। उजुरकर्ताले पैसा कसलाई दिने तपाईलाई कि अनिल सरलाई भन्दा ईन्जिनियर रतनेश कुमार चौधरीले मलाई दिने भन्ने व्यहोराको फोन वार्तालापको स्क्रिप्ट राईटिङ्ग।

१.१२. नेपाल विद्युत प्राधिकरण, कलैया वितरण केन्द्र बाराका ईन्जिनियर रतनेश कुमार चौधरीको बयान कागजको व्यहोरा :-

म नेपाल विद्युत प्राधिकरण कलैया वितरण केन्द्र बारामा २०७३ साल श्रावण महीना देखि इन्जिनियर पदमा कार्यरत छु।शुरुमा मलाई TOD मीटर रिडिङ तथा डाउनलोड, अनियमितता सुधार तथा चुहावट नियन्त्रण र ३३ केभी सम्बन्धी कामहरु दिईएको थियो। २०७४ चैत्र महीना देखि मलाई थप नयां ग्राहक सम्बन्धि काम तोकिएको थियो।म जिल्ला बारा करैयामाई गाउँपालिका वडा नं. ४ बस्ने जाकिर हुसेन अन्सारीलाई चिन्दछु।वहासंग मेरो नाता सम्बन्ध, रिसईवी, लेनदेन केही पनि छैन।यस भन्दा अगाडि फोनमा कुरा भएको छैन।अफिसमा आएको बेला बोलचाल हुन्छ। निवेदकले एक डेढ महीना अगाडि आफ्नो मिलको क्षमता वृद्धिका लागि कार्यलयमा निवेदन दिनुभएको रहेछ।तर निवेदन साथ तिर्नु पर्ने दस्तुर नतिरेकाले काम रोकिएको थियो।निजसंगको टेलिफोन वार्तालापमा पैसा मलाई छोडिदिनु म काम गराईदिउला भनेको हो, उक्त पैसा सन्ट क्यापासिटर,क्षमता वृद्धि शुल्क, सेवा शुल्क, शिल चार्ज र सटडाउन चार्ज वापत लिएको हो, घुस रिसवत वापत लिएको होईन।कार्यालयको महशुल काउन्टरमा अत्याधिक भिड भएको र निज निवेदकसंग मेरो चिनजान र अनुरोध गरेकाले खालि भएपछि बुझाई रसिद लिन भनी निजबाट पैसा लिई मैले मेरो टेवलको घर्रामा राखेको हुं। टेलिफोन वार्तालाप निवेदक जाकिर हुसैन अन्सारी र मेरो बीच भएको हो। अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय हटौंडाको टोलिले मेरो कार्यालयको कार्यकक्षको टेवलबाट रु. ९,५००-(नौ हजार पाँचसय) बरामद गरेको साँचो हो। बरामद गरेको, खानतलासी, बरामदी मुचुल्का, रंगेहात मुचुल्का, नोट बिवरणमा भएको दस्तखत मेरो हो भन्ने समेत ब्यहोराको इन्जिनियर रतनेश कुमार चौधरीको बयान कागज।

१.१३. पोलिग्राफ परीक्षण प्रतिवेदनको व्यहोराः-

आरोपी नेपाल विद्युत प्राधिकरण कलैया वितरण केन्द्रका इन्जिनियर वर्ष २९ का रतनेश कुमार चौधरीले घुस/रिसवत लेनदेनमा आफ्नो संलग्नताका बारेमा पूर्ण रूपमा नखुलाएकाले थप अनुसन्धानका लागि यस आयोगको च.नं. ४३७२ मिति २०७४।१२।२७ गतेको पत्रद्वारा प्रहरी प्रधान कार्यालय अपराध अनुसन्धान विभागमा पोलिग्राफ परीक्षणका लागि पठाउँदा ू Using the ESS, an evidence-based, normed and standardized protocol for test data analysis, the **grand total score of -6 exceeds the required cut score of - 4 for deceptive classifications.** The level of statistical significance, is calculated at p= 0.23, which is equal to or less than the required alpha boundary (α .05), and indicates that only a small proportion of truthful person (2.3%) can be expected to produce an equal of lower test score. These results support the conclusion that there is **DECEPTION INDICATED** by the physiological responses to the test stimulus questions during this examination." भन्ने समेत व्यहोराको प्रहरी प्रधान कार्यालय,अपराध अनुसन्धान विभाग, केन्द्रीय पोलिग्राफशाखाको च.नं.६३७७ मिति २०७४।१२। २८ गतेको पत्र साथ प्राप्त पोलिग्राफ परीक्षण प्रतिवेदन।

१.१४.नेपाल विद्युत प्राधिकरण कलैया वितरण केन्द्र बाराका कार्यालय प्रमूख धुपेन्द्र कुमार झा (९८५५०४८५५५) ले गर्नु भएको घटना विवरण कागज।

म २०७४ साल भाद्र १६ गते देखि नेपाल विद्युत प्राधिकरण कलैया वितरण केन्द्रमा कार्यालय प्रमूखको रुपमा कार्यरत छु। मेरो कार्यालयमा कार्यरत इन्जिनियर रतनेश कुमार चौधरीलाई म कार्यालयमा हाजिर भएको मिति देखि चिन्दछु। जि. बारा करैयामाई गा.पा. वडा नं. ४ बस्ने जाकिर हसेन अन्सारीलाई चिन्दिन। निजहरु दुवैसंग मेरो नाता सम्बन्ध, लेनदेन, झै-झगडा, रिसईवी केही पनि छैन।मिति २०७४।१२।२१ गते म सदा झैं समयमै कार्यालयमा गै काम गरिरहेको थिंए।करीव १२:०० बजेको समयतिर इन्जिनियर बस्ने कोठा नं. १२ को अगाडि भिडभाड भएको देखें। म सो स्थानतिर गई के भएको हो भनी सोध्दा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय हेटौंडाको टोलि रहेछ, मैले सबै कर्मचारीलाई आयोगको टोलिलाई सहयोग गर्न आग्रह गरें।आयोगको कार्यालय हेटौंडाको टोलिले इन्जिनियर रतनेश कुमार चौधरीको कार्यकक्षको टेबुलको घर्राबाट रु.९,५००।—(नौ हजार पांचसय) सहित पक्राउ गरेको रहेछ।उक्त समयमा भएका खानतलासी, बरामदी तथा रंगेहात मुचुल्का मेरो रोहवरमा भएका हुन्।नमूना संकलन मुचुल्कामा मेरो पनि हात धुन लगाई नमूना संकलन गरिएको हो। उक्त मुचुल्कामा मेरो पनि दस्तखत छ।माथि उल्लेखित रकम इन्जिनियर रतनेश कुमार चौधरीले सेवाग्राही जि. बारा करैयामाई गा.पा. वडा नं. ४ बस्ने जाकिर हुसेन अन्सारीबाट आफ्नो मिलको क्षमता वृद्धि गर्नका लागि लिएका रहेछन्, अख्तियारको टोलिले बताएपछि थाहा पाए। यसभन्दा पहिले निज सेवाग्राही काम नभएको गुनासो लिएर मेरो कार्यकक्षमा आएका थिएनन्। त्यस्ता गुनासाहरु आएमा कानुन सम्मत रुपमा समस्याको सामाधान छिट्टै गर्ने गरेको छु।निज सेवाग्राहीको फायल के भएको हो भनी खोजी गर्दा चैत्र २३ गते कोठा नं. ९ ग्राहक सेवा फांटको टेबलको घर्राबाट फेलापारी सोहीदिन निजको उद्योगको क्षमता वृद्धि आवेदन स्वीकृत गरी निजलाई जानकारी समेत गराई सकेको छ भन्ने व्यहोराको घटना विवरण कागज।

१.१५. कल डिटेल विवरण :-

अख्तियार दुरुपयोग अनुसन्धान आयोग, प्रहरी महाशाखाको च.नं. ४३९९ मिति २०७४।१२।२५ मिति गतेको पत्रसाथ प्राप्त जाकिर हुसैन अन्सारी र नेपाल विद्युत प्राधिकरण कलैया वितरण केन्द्रका ईन्जिनियर रतनेश कुमार चौधरी बीच भएको टेलिफोन सम्पर्कको विवरण।

१.१६.जिल्ला बारा कलैया उप-महानगरपालिका वडा नं. ५ स्थायी ठगाना भई वडा नं. ७ का वडाध्यक्ष वर्ष ५२ का राम अयोध्या प्रसाद (९८१७२९०२१६) ले गरेको घटना विवरण कागज।

मैले यस मुद्दाका आरोपी नेपाल विद्युत प्राधिकरण कलैया वितरण केन्द्रका इन्जिनियर रतनेश कुमार चौधरीलाई चिन्दिन। निजसंग कुनै नाता सम्बन्ध, लेनदेन, झैं-झगडा, रिसईवी केही छैन। मिति २०७४।१२।२१ गते अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय हेटौंडाको टोलिले आफ्नै कार्यालयमा घुस/रिसवत सहित पक्राउ गरेको जानकारी पाएपछि म उक्त कार्यालयमा गई स्थानिय प्रतिनिधिको रुपमा उपस्थित भएको थिएं। मेरो रोहवरमा अख्तियारको टोलिले रित पूर्वक खानतलासी, बरामदी र रंगेहात नमूना संकलन मुचुल्का गरेको हो। उक्त मुचुल्काको कागजातहरुमा मैले पनि सहिछाप गरेको छु। निज इन्जिनियर रतनेश कुमार चौधरीले निवेदकसंग रु ९,५००।— घुस लिएको भनी अख्तियारको टोलिको भनाई पछि थाहा पाएको हुं भन्ने व्यहोराको घटना विवरण कागज।

१.१७. जिल्ला बारा कलैया उप-महानगरपालिका वडा नं. ५ स्थायी ठेगाना भइ हाल कलैया उप-महानगरपालिका वडा नं. ७ का वडा सचिव वर्ष ४६ का राजेश ठाकुर हजाम(९८४५४३५०१५) ले गर्नु भएको घटना विवरण कागज।

म हाल कलैया उप-महानगरपालिका बडा नं. ७ को वडा सचिवमा कार्यरत छु। मेरो आरोपित इन्जिनियर रतनेश कुमार चौधरी र निवेदक जाकिर हुसैन अन्सारीसंग कुनै लेनदेन छैन। मिति २०७४।१२।२१ गते इन्जिनियर रतनेश कुमार चौधरीलाई अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय हेटौंडाको टोलिले निजको कार्यकक्षमा नगद रु. नौ हजार पांचसय सहित म समेतको रोहवरमा रंगेहात पक्राउ गरेको हो। उक्त समयमा कानून बमोजिम गरिएको रंगेहात मुचुल्का, खानतलासी, बरामदी मुचुल्कामा उल्लेख गरिएको सम्पूर्ण व्यहोरा सांचो हो। उक्त मुचुल्काहरुमा मैले पनि सहिछाप गरेको छु। बरामद भएको रकम इन्जिनियर रतनेश कुमार चौधरीले लिएको कुरा सुनी थाहा पाएको हुं भन्ने व्यहोराको घटना विवरण कागज।

१.१८.जिल्ला सप्तरी साविक जमुनी मध्यपुरा-९ हाल रुपनी गा.पा. वडा नं. ४ घर भई नेपाल विद्युत प्राधिकरण, कलैया वितरण केन्द्रका सुपरभाईजर अनिल कुमार यादव (९८६६०४५४९०, ९८४२४३८६९) ले गर्नु भएको सोधपुछ कागज।

म यस मुद्दाका निवेदक जाकिर हुसैन अन्सारीलाई र आरोपी ईन्जिनियर रतनेश कुमार चौधरीलाई चिन्दछु।निवेदकलाई कामको शिलसिलामा चिनेको हो भने इन्जिनियरलाई कार्यालयमा हांजीर भएको मिति देखि चिनेको हो। निजहरुसंग मेरो कुनै नाता सम्बन्ध, लेनदेन, झैं- झगडा र रिसईवि केही पनि छैन।यस मुद्दाका निवेदकसंग क्षमता वृद्धि गराउने सम्बन्धमा घुस रिसवत सम्बन्धी मेरो केही कुरा भएको छैन। निजको मिलको लागि थ्री फेज लाईनको आवश्यक हुन्छ, उक्त लाईनका लागि इन्जिनियर सहितको टोलि जानुपर्ने हुन्छ। सिंगल फेजको लाईन वृद्धि गर्न सुपरभाईजर सहितको टोली खटिने गरेको छ।निवेदकले म

कार्यरत कार्यालयमा आई आफ्नो काम गरिदिन भनेका थिए। मैले उक्त थ्री फेजको काम भएको हुनाले ईन्जिनियरसंग र कार्यालय प्रमूखसंग कुरा गर्न सल्लाह दिएको थिएं।निवेदकले किन मेरो नाम पनि आफ्नो उजुरीमा उल्लेख गरेका हुन् जानकारी भएन।मिति २०७४।१२।२१ गते देखि म बिरामी भई ३ दिन विदामा बसेको थिएं। उक्त दिन कार्यालयमा के भयो मलाई केही जानकारी छैन।उक्त दिनको डिजिटल हांजिरीको प्रति समेत पेश गरेको छु भन्ने व्यहोराको सोधपुछ कागज।

१.१९.जिल्ला बारा करैयामाई गा. पा. ४ बस्ने निवेदक वर्ष ४५ को जाकिर हुसैन अन्सारी (९८४९२१९१११, ९८१७२९८४१६) ले गरिदिनु भएको सोधपुछ कागज।

मेरो नेपाल विद्युत प्राधिकरण कलैया वितरण केन्द्रका इन्जिनियर रतनेश कुमार चौधरी संग पूर्व चिनजान, नाता सम्बन्ध, लेनदेन, झैं-झगडा, रिसइवी केही पनि छैन। कामको सिलसिलामा कार्यालयमा आउदा चिनेको हो। अयोगको कार्यालय हेटौंडामा दिएको निवेदन स्वयं मैले दिएको हो र नोट बुझेको भर्पाईमा भएको सहीछाप पनि मेरै हो।मैले सञ्चालन गरेको कुटानी तथा पिसानी गर्ने सेलर मिलको क्षमता वृद्धि गर्न आज भन्दा एक महीना अगाडि नै नेपाल विद्युत प्राधिकरण कलैया वितरण केन्द्रमा निवेदन दर्ता गरेपनि निज इन्जिनियर रतनेश कुमार चौधरी र सोही शाखामा काम गर्ने सुपरभाईजर अनिल कुमार यादव दुवै जनाले रु. २०,०००।—(वीस हजार) घुस रिसवत वापत माग गरि रहेका थिए। मोलमोलाई हुंदै जांदा रु.९,५००।— घुस र १,५००।— सरकारी दस्तुर लाग्छ भनेकाले मैले उक्त रकम घुस वापत दिएको हो।तर मेरो टेलिफोनमा ईन्जिनियर रतनेश कुमार चौधरीसंग रकम कसलाई दिने भनी कुरा हुंदा निजले मलाई नै दिनु भनेकाले मैले उक्त रकम निजलाई दिएको हो।मैले पेश गरेको टेलिफोन वर्तालापको रकर्डमा म र ईन्जिनियर रतनेश कुमार चौधरी बीच भएको घुस रिसवत सम्बन्धि कुरा रहेको छ।उक्त कार्यालयबाट मेरो मिलको क्षमता बढाउने काम अहिले सम्म पनि भएको छैन।मैले निवेदन पेश गर्दा मेरो सम्पर्क नम्बर ९८४९२१९१११ मात्र उल्लेख भएको रहेछ तर मेरो अर्को सम्पर्क नम्वर ९८१७२९८४१६ समेत रहेकोले मैले ईन्जिनियर रतनेश कुमार चौधरीसंग कुरा गर्दा उक्त पछिल्लो नम्बर ९८१७२९८४१६ बाट कुरा गरेको थिएँ।निज पक्राउ परेका इन्जिनियरलाई कानुन बमोजिम कारवाही होस् भन्ने व्यहोराको निवेदक जाकिर हुसेन अन्सारीको सोधपुछ कागज।

१.२०.जिल्ला बारा विश्रामपुर गा.पा. १ बस्ने जगर नाथ महतोको छोरा वर्ष ४७ को राम नारायण प्रसाद कुसवाह (९८०४२३११६१) ले गरिदिनु भएको घटना विवरण कागज।

निवेदक जाकिर हुसैन अन्सारी तथा नेपाल विद्युत प्राधिकरणका इन्जिनियर रतनेश कुमार चौधरीसंग मेरो पूर्व चिनजान, नाता सम्बन्ध, लेनदेन, रिसईवि केही पनि छैन।मिति २०७४।१२।२१।गते अन्दाजी १२:०० बजेको समयमा इन्जिनियर रतनेश कुमार चौधरीलाई निजकै कार्यकक्षमा रु.९,५००।—(नौ हजार पांचसय) घुस/रिसवत रकम सहित रंगेहात पक्राउ परेको हो। सो रकम सेवाग्राहीसंग लिएर निज इन्जिनियरले आफ्नो टेबलको घर्रामा राखेकोमा सोही घर्राबाट उक्त रकम आयोगबाट खटिई आएको टोलिले हामीहरुको रोहवरमा बरामद गरी निजलाई पक्राउ गरेको हो। निज इन्जिनियर र कार्यालय प्रमूखको हात छुट्टा छुट्टै गिलासमा धुन लगाउदा ईन्जिनियरले धोएको गिलासको पानीको रंग वैजनी रातो भएको थियो भने हाकिम साबले धोएको गिलासको पानीको रंग परिवर्तन भएको थिएन। उक्त समयमा तयार पारिएको खानतलासी, बरामदी र रंगेहात नमूना संकलन मुचुल्का समेतमा मैले पनि सहीछाप गरेको छु।उक्त रकम निज इन्जिनियरले सेवाग्राही जि. बारा करैयामाई गा.पा. ४ बस्ने जाकिर हुसेन अन्सारीबाट

विद्युत मीटरको क्षमता वृद्धि गर्नका लागि घुस वापत लिएको हो भन्ने सुनेको हु। उक्त समयमा म आफ्नो कामले सोही कार्यालयमा गएको हुनाले प्रत्यक्ष देखेको हुं। यसरी सेवाग्राही बाट काम गरिदिन्छु भनी घुस लिने राष्ट्र सेवक कर्मचारीलाई कानून बमोजिम कारवाही गरी अन्य संलग्नलाई पनि कानूनको दायरामा ल्याई कारवाही हुनु पर्दछ भन्ने व्यहोराको घटना विवरण कागज।

१.२१.रंगेहात परीक्षण नमूना र बरामदी नोटको परीक्षण प्रतिवेदनको व्यहोरा :-

परीक्षणका लागि पठाईएका प्राप्त रंगेहात नमूनामा नेपाल विद्युत प्राधिकरण कलैया बाराका इन्जिनियर रतनेश कुमार चौधरीले हात धोएको नमूना नं १ लेखिएको पानीलाई प्लास्टिकको बट्टामा राखी सिलवन्दी गरिएको नमूना थान १, सोही कार्यालयका कार्यालय प्रमूख धुपेन्द्र कुमार झाले हात धोएको नमूना नं २ लेखिएको पानीलाई प्लास्टिकको बट्टामा राखी सिलबन्दी गरिएको नमूना थान-१, खानतलासी बरामदी मुचुल्कामा उल्लेखित बरामद रकम रु. १०००।— दरका थान ९ (नौ) को हुने रु ९०००।-(नौ हजार) र पांचसय दरको थान १ को रू ५००।-(पांचसय) गरी जम्मा रु. ९,५००।–(नौ हजार पांचसय) रकम मध्ये रु १०००।—दरको थान ४(चार) र ५०० दरको थान १(एक) संलग्न नोटहरु भएको सिलबन्दी खाम थान १ समेत परीक्षणको लागि यस आयोगको च.नं.४३४० मिति २०७४।१२।२५ गतेको पत्रद्वारा श्री केन्द्रीय प्रहरी विधिविज्ञान प्रयोगशाला शामाखुशी पठाईकोमा उक्त प्रयोगशालाको चलानी नम्वर ५०८० मिति २०७५।०१।०६ गतेको पत्रद्वारा भौतिक सबुत नं १, ३ र ४ मा फेनोल्फथालिन पाईएको र भौतिक सबुत नं २ मा फेनोल्फथालिन पाईएन भन्ने व्यहोराको प्राप्त परीक्षण प्रतिवेदन।

२. <u>अभियोग र दावीः</u>-

प्रस्तुत मुद्दामा अनुसन्धान तहकिकातबाट संकलित मिसिल संलग्न उजुरी निवेदन, उजुरी निवेदकले रकम बुझि गरिदिएको भरपाई कागज र भरपाई कागजमा उल्लेखित रुपैयाँको फोटोकपी कागज, आयोगको कार्यालय हेटौंडा मकवानपुरबाट प्रहरी नयव उपरीक्षक महेन्द्र खड्का समेतलाई खटाई पठाइएको पत्र, पक्राउ परेका नेपाल विद्युत प्राधिकरण कलैया वितरण केन्द्र बाराका ईन्जिनियर रतनेश कुमार चौधरी समेतको रंगेहात नमूना संकलन मुचुल्का, खानतलासी/बरामदी मुचुल्का र अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय हेटौंडाबाट उपलब्ध गराइएका बरामद नोटहरूको फोटोकपी समेतमा रतनेश कुमार चौधरीको दस्तखत (सहिछाप) गरी तत्काल खडा गरिएको मुचुल्का, बरामद एवं पक्राउ गरी दाखिला गरेको प्रतिवेदन, अडियो/भिडियो सि.डि.,नेपाल विद्युत प्राधिकरण कलैया वितरण केन्द्र बाराका ईन्जिनियर रतनेश कुमार चौधरीले अनुसन्धानको क्रममा गरेको बयान कागज, बुझिएका खानतलासी तथा बरामदी मुचुल्काका साक्षीहरु, बुझिएका मानिसहरु मध्येका नेपाल विद्युत प्राधिकरण कलैया वितरण केन्द्र बाराका कार्यालय प्रमूख धुपेन्द्र कुमार झा, जिल्ला बारा कलैया उप-महानगरपालिका वडा नं. ५ का वडाध्यक्ष राम अयोध्या प्रसाद, जि. बारा कलैया उप-महानगरपालिका वडा नं. ५ घर भई वडा नं. ७ का वडा सचिव राजेश ठाकुर हजाम, नेपाल विद्युत प्राधिकरण कलैया वितरण केन्द्र बाराका सुपरभाईजर अनिल कुमार यादव, जि. बारा विश्रामपुर गा.पा. वडा नं. १ बस्ने राम नारायण प्रसाद कुसवाह र निवेदक जिल्ला बारा करैयामाई गा.पा. ४ बस्ने जाकिर हुसैन अन्सारी, लगाएतका मानिसहरुको छुट्टाछुट्टै घटना बिवरण तथा सोधपुछ कागजहरु, केन्द्रीय पोलिग्राफ शाखाको च.नं.६३७७ मिति २०७४।१२।२८ गतेको पत्र साथ प्राप्त **DECEPTION INDICATED** भन्ने पोलिग्राफ परीक्षण प्रतिवेदन, अख्तियार दुरुपयोग अनुसन्धान आयोग

ईन्टेलिजेन्स युनिटको च.नं.४४५४ मिति २०७५।०१।०२ गतेको कल डिटेल विवरण, रंगेहात नमूना परीक्षणको क्रममा भएको आरोपीको हात धोएको पानीको नमूना र बरामदी रकम रु. १०००।—दरका नोटहरु र रु.५०० को नोटमा फेनोल्फथालिन पाईएको भन्ने केन्द्रीय विधिविज्ञान प्रयोगशाला सामाखुशिको चलानी नम्वर ५०८० मिति २०७५।०१।०६ गतेको प्राप्त प्रतिवेदन समेतका प्रमाण कागजातहरुका आधारमा निज ईन्जिनियर रतनेश कुमार चौधरीले मिलको क्षमता वृद्धि गर्नका लागि सेवाग्राही जि. बारा करैयामाई गा.पा. वडा नं. ४ बस्ने वर्ष ४५ को जाकिर हुसैन अन्सारीबाट घुस रिसवत वापत रु.९,५००।—(नौ हजार पांचसय) लिएको तथ्य पुष्टि भएको देखिन आयो। निज प्रतिवादीले गरेको उक्त कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा १ को कसुर भएको सप्रमाण पुष्टि हुन आएकोले प्रतिवादी ईन्जिनियर रतनेश कुमार चौधरीलाई विगो रु. ९,५००।—(नौ हजार पांचसय) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१०) को देहाय (क) बमोजिम जरिवाना र कैद सजाय हुन माग दावी लिईएको व्यहोरा सादर अनुरोध गरिएको छ।निवेदक जाकिर हुसेन अन्सारीले मिति २०७४।१२।२१ गते अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय हेटौंडाबाट भरपाई गरी बुझी लगेको र बरामद भई आएको रु.१,०००।-(एक हजार) दरका ९ (नौ) थानको जम्मा हुन आउने रकम रु.९,०००।-(नौ हजार) र रु. ५०० को दरको थान १ को रु. ५०० (पांचसय) गरी जम्मा रु. ९,५००।—(नौ हजार पांचसय) दसीको रूपमा प्रमाण लगाई उक्त रकम अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय हेटौंडालाई फिर्ता दिलाई पाउन समेत सादर अनुरोध गरिएको छ।

३.प्रतिवादी रतनेश कुमार चौधरीले अदालतमा गरेको बयानः- मेरो कार्यालयको कोठा भित्र अख्तियार दुरुपयोग अनुसन्धान आयोगको टोलीहरु आई बसिरिहेको थिए मेरो कार्यालयको कुर्सिमा वसेको २/४ मिनेट पछी हामी अख्तियार दुरुपयोग अनुसन्धान आयोग हेटौडाबाट आएको कर्मचारी हौं तपाईले सेवाग्राहीसंग घुस रिसवत माग गरी लिनु भएको छ रे भनी तपाइको शरिर समेत खानतलासी गछौ भनी शरिर खानतलासी गरे मेरो शरिरमा खान तलासी गर्दा केही फेला नपरेपछी सो को केही समय पछी पुनः मेरो टेवलको घर्रा खनतलासी गर्दा एक्कासी रकम फेला पऱ्यो भनी वहाँहरुले भन्नु भयो सो रकम के थियो कति थियो उक्त रकम कसले त्यहाँ राखिदियो मलाई केही थाहा भएन तत्कालिन अवस्थामा म आचम्मीत परे तर उक्त पैसा म पिसाव फेर्न वाथरुप गएको वेलामा मलाई फसाउने पूर्व नियोजिकत योजनामा को कस्ले गरेका हुन मलाई थाहा छैन । आज सम्म पैसा माग्ने लिने र सेवाग्रामीलाई दुःख हैरानी दिएको छैन बरामदी मुचुल्कामा उल्लेखित व्यहोरा पूर्णरुपले झुठ्ठा हो । बरामद भनीएको रकम घर्रा वाट मलाई झिक्न लगाई गन्न समेत लगाएकोले मैले घोएको हातको पानी रातो भएको हुनुपर्छ मैले लिदै नलिएको,माग्दै नमागेको पैसालाई समेतको कसले निमांण षडयन्त्र गरी म प्रति रिसइवी साधेका हुन मलाई थाहा छैन, झुठ्ठा उजुरी झुठ्ठा बरामदी मुचुल्काको आधारमा रही म उपर तयार गरीएको आरोपपत्र समेत झुठ्ठा हुँदा खारेज गरी म निर्दोष राष्ट्रसेवक कर्मचारीलाई झुठ्ठा आरोपबाट सफाई पाउँ भन्ने समेत ब्यहोराको प्रतिवादी रतनेश कुमार चौधरीले यस अदालतमा गरेको बयान ।

४.यस अदालतको आदेश :- पछि बुझ्दै जाँदा ठहरे बमोजम हुने गरी निज प्रतिवादी रतनेश कुमार चौधरीबाट हाल विशेष अदालत ऐन, २०५९ को दफा ७ को खण्ड(घ) बमोजिम रु ९५००। नौ हजार पाँचसय रुपया मात्र । धरौट माग गरिएको छ सो धरौटी रकम निजले नगदै दाखिला गरे जेथा जमानि वा बैंक

ग्यारेण्टी दिएलिई तारेखमा राख्न होला दिन नसके नियमानुसार सिधा खान पाउने गरी अ.व.१२१नं बमोजिम थुनुवा पुर्जी दिई थुनामा राख्न कारागार शाखा पठाई दिनुहोला दशीको रुपमा आरोप पत्र साथ दाखिला भएको नगद रु.९,५००।- धरौटीमा तथा सामसुङ मोवाईल जिन्सिमा आम्दानी वाध्नु होला । प्रस्तुत मुद्दा प्रतिवादी चुक्ता भई सकेकोले वादी पक्षका साक्षीहरु विशेष सरकारी वकिल कार्यालय मार्फत र प्रतिवादीका साक्षीहरु प्रतिवादी मार्फत उपस्थित गराई उपस्थित गराए वकपत्रको लागी इजलास समक्ष पेश गर्नु होला । आरोप पत्र साथ दायरभएको सि.डी. को आवश्यक अंश दुबै पक्षको रोहवरमा लिपिवद्ध गराउनु होला भनी मुलुकी ऐन अ.व.१२४ (ग) नं बमोजिम यो आदेश पर्चा गरि दिएको छ भन्ने समेत व्यहोराको थुनछेक आदेश ।

५.साक्षीको वकपत्रः-वादी नेपाल सरकारको साक्षी जानकी हुसेन अन्सारी, विकाश विक,अनिल कुमार यादवले जाकीरी हुसेन, राम अध्याध्याय प्रसाद , राजेश ठाकुर हजाम , विकास विक, ले बरामदी मुचुल्काको ब्यहोरा ठिक साँचो हो भनी गर्नु भएको बकपत्र एवम् प्रतिवादी रतनेश कुमार चौधरीको साक्षी सुधिर कुमार कर्णले अदालतमा उपस्थित भै निज प्रतिवादी रतनेश कुमार चौधरीको चाल चलन व्यवहार आचरण मैले जाने बुझे सम्म ठिक छ । प्रतिवादीउपर लागेको अभियोग दावी गलत हो, उहाँले सफाई पाउनु पर्छ भनी गर्नु भएको बकपत्र समेत मिसिल सामेल रहेको छ ।

ठहर खण्ड

६.नियमानुसार दैनिक पेशी सूचीमा समावेश भई निर्णयार्थ पेश हुन आएको प्रस्तुत मुद्दामा वादी नेपाल सरकारको तर्फबाट उपस्थित विशेष सरकारी वकिल कार्यालयका विद्वान् सहन्यायाधिवक्ता र प्रतिवादीका तर्फबाट उपस्थित विद्वान् कानून व्यवसायीहरुले गर्नु भएको बहस बुँदाहरु देहायबमोजिम रहेका छन् :-

वादी नेपाल सरकारको तर्फबाट उपस्थित विद्वान् उपन्यायाधिवक्ता श्री पदमराज पाण्डेय ।	**प्रतिवादीकोतर्फबाटउपस्थित विद्वान् वरिष्ठ अधिवक्ताद्वय श्री हरिप्रसाद उप्रेती एवम् श्री विनित कुमार झा तथा विद्वान् अधिवक्ताद्वय श्री पवनकुमार जायसवाल एवम् श्री जगदेव चौधरी ।**
❖ प्रतिवादी रतनेश कुमार चौधरी नेपाल विद्युत प्राधिकारण, कलैया वितरण केन्द्र बारामा इन्जिनियर पदमा कार्यरत राष्ट्र सेवक भएकोमा विवाद छैन । **❖ उजुरीकर्ता जाकिर हुसेन अन्सारीले आफ्नो घरमा रहेको धानसमेत कुट्ने मिलको विद्युतीय क्षमता बढाउन निवेदन दिएको देखिन्छ ।** **❖ तर सो निवेदनउपर कुनै कारवाही नगरी सो काम गर्न प्रतिवादीले सेवाग्राहीसँग रु २०,०००। माग गरेको देखिन्छ ।** **❖ प्रतिवादीको कार्यकक्षको टेबुलको घर्राबाट बरामद भएको तथ्य बरामदी मुचुल्कावाट पुष्टि भएको छ ।**	**❖ प्रतिवादी एक इमानदार राष्ट्रसेवक हुन् ।** **❖ वार्तालापमा घुस मागेको कुरा नै छैन ।** **❖ उजुरीकर्ताले उजुरी व्यहोरा खण्डित गरी बकपत्र गरेको छ ।** **❖ प्रतिवादीको फाँट उजुरकर्ताको कामसँग सम्बन्धित छैन ।** **❖ प्रतिवादीको साक्षी बकपत्रबाट निज निर्दोष देखिन्छ ।** **❖ अडियो सि.डी. प्रमाणयोग्य छैन ।** **❖ प्रतिवादीले सेवाग्राहीसँग घुस बापत रकम लिएको नभई महशुल /दस्तुर बापतको रकम हो ।** **❖ प्रतिवादीले आरोपित कसुरमा इन्कार रही बयान गरेको छ ।** **❖ वादी नेपाल सरकारले प्रतिवादीउपर**

❖ निजले हात धोएको पानीको रङ्ग वैजनी रातो भएको तथ्य मिसिल संलग्न प्रमाणबाट पुष्टि भएको छ । ❖ प्रतिवादी र सेवाग्राहीका बीच टेलिफोन सम्पर्क हुनुका साथै घुसको रकम मलाई दिनु भनी प्रतिवादीले सेवाग्राहीसँग वार्तालाप समेत गरेको देखिन्छ । ❖ अतः प्रतिवादीले आरोपित कसुर गरेको पुष्टि भएको हुँदा निज प्रतिवादीलाई हदैसम्म सजाय हुनुपर्छ ।	लगाइएको कसुर पर्याप्त प्रमाणबाट पुष्टि गर्न सकेको देखिँदैन । ❖ अतः प्रतिवादीले आरोपित कसुरबाट सफाई पाउनु पर्छ ।

७. उपर्युक्त बहस सुनी आरोप-पत्रसहितको मिसिल अध्ययन गरी हेर्दा, माथि तथ्य-खण्डमा उल्लिखित व्यहोराको आरोप- दावी र प्रतिवादीको बयानसमेत रहेको देखिन्छ । यसमा मूलतः देहायका दुई प्रश्नको निर्णय गर्नुपर्ने देखियो ।

पहिलो प्रश्न	प्रतिवादीले आरोप-दावीअनुरुपको कसुर गरेका हुन् वा होइनन् ?
दोश्रो प्रश्न	यदि प्रतिवादीले आरोप- दावीअनुरुपको कसुर गरेका हुन् भने निज प्रतिवादीलाई के कति सजाय हुनुपर्ने हो ?

८. पहिलो प्रश्नतर्फ विचार गर्दा, सर्वप्रथम भ्रष्टाचार निवारण ऐन, २०५९ ले सार्वजनिक संस्थाहरुमा सदा स्वच्छ, सदाचार र सुशासनमैत्री वातावरण कायम होस् भन्ने उद्देश्यले राष्ट्रसेवक वा राष्ट्रसेवक हुन लागेको कुनै व्यक्तिले आफ्नो ओहदा वा सोसम्बन्धी कुनै काम गर्न वा गरिदिए बापत वा नगर्न वा नगरिदिए बापत वा आफ्नो ओहदा वा सोसम्बन्धी कुनै काम गर्दा कुनै व्यक्तिलाई मोलाहिजा वा अनिष्ट गर्न वा गराई दिए बापत वा नगर्न वा नगराई दिएबापत आफ्नो वा अरु कसैको निमित्त रिसवत लिएमा वा लिन मञ्जुर गरेमा रिसवत लिएको विगो र कसुरको मात्रानुसार रिसवत लिनेलाई वा लिन मन्जुर गर्नेलाई कैद र विगोबमोजिम जरिवाना हुने व्यवस्थाको साथै रिसवत लिई सकेको भए सो रिसवतसमेत जफत हुने [1] कानूनी व्यवस्था गरेको पाइन्छ । त्यस्तै सोही ऐनले " रिसवत" भन्नाले नगदी, जिन्सी वा अन्य जुनसुकै किसिमको लाभ वा सुविधा सम्झनुपर्छ र सो शब्दले घुससमेतलाई जनाउँछ भनी परिभाषा गरेको पाइन्छ [2]

९. प्रस्तुत कानूनी व्यवस्थाको कोणबाट यस मुद्दाको तथ्यावलोकन गर्दा, वादी नेपाल सरकारले मूलतः नेपाल विद्युत प्राधिकरण, कलैया वितरण केन्द्रका ईन्जिनियर पदमा कार्यरत रतनेश कुमार चौधरीले मिलको विद्युतीय क्षमता वृद्धि गर्नका लागि सेवाग्राही जाकिर हुसेन अन्सारीबाट रु ९,५००। घुस/ रिसवत लिई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३(१) बमोजिमको कसुर गरेको पुष्टि हुन आएकोले निज प्रतिवादीलाई सोही ऐनको दफा ३(१) तथा ३(१)(क) बमोजिम कैद र जरिवानासमेत गरिपाऊँ भनी आरोप -दावी लिएको देखिन्छ ।

१०.प्रतिवादी रतनेश कुमार चौधरीले अख्तियार दुरुपयोग अनुसन्धान आयोगसमक्ष म नेपाल विद्युत प्राधिकरण, कलैया वितरण केन्द्र, बारामा २०७३ साल श्रावण महिनादेखि इन्जिनियर पदमा कार्यरत छु । शुरुमा

[1] भ्रष्टाचार निवारण ऐन, २०५९ दफा ३(१)
[2] ष्टाचार निवारण ऐन, २०५९ दफा २(ख)

मलाई TOD मीटर रिडिङ तथा डाउनलोड, अनियमितता सुधार तथा चुहावट नियन्त्रण र ३३ केभी सम्बन्धी कामहरु दिइएको थियो । २०७४ चैत्र महिनादेखि मलाई थप नयां ग्राहकसम्बन्धी काम तोकिएको थियो । म जिल्ला बारा करैयामाई गाउँपालिका वडा नं. ४ बस्ने जाकिर हुसेन अन्सारीलाई चिन्दछु । वहाँसँग मेरो नाता सम्बन्ध, रिसईवी, लेनदेन केही पनि छैन । यसभन्दा अगाडि फोनमा कुरा भएको छैन । अफिसमा आएको बेला बोलचाल हुन्छ । निवेदकले एक डेढ महिना अगाडि आफ्नो मिलको क्षमता वृद्विका लागि कार्यलयमा निवेदन दिनुभएको रहेछ । तर निवेदन साथ तिर्नुपर्ने दस्तुर नतिरेकाले काम रोकिएको थियो । निजसंगको टेलिफोन वार्तालापमा पैसा मलाई छोडिदिनु म काम गराई दिउँला भनेको हो, उक्त पैसा सन्ट क्यापासिटर, क्षमता बृद्धि शुल्क, सेवा शुल्क, शिल चार्ज र सटडाउन चार्ज बापत लिएको हो, घुस रिसवत बापत लिएको होईन । कार्यालयको महशुल काउन्टरमा अत्यधिक भिड भएको र निज निवेदकसंग मेरो चिनजान भएको र खाली भएपछि रकम बुझाई रसिद लिन भनी अनुरोध गरेकोले निजबाट पैसा लिई मेरो टेबुलको घर्रामा राखेको हुं । टेलिफोन वार्तालाप निवेदक जाकिर हुसैन अन्सारी र मेरो बीच भएको हो। अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय हेटौंडाको टोलीले मेरो कार्यालयको कार्यकक्षको टेबुलबाट रु.९,५००। (नौ हजार पाँचसय) बरामद गरेको साँचो हो । बरामद गरेको, खानतलासी, बरामदी मुचुल्का, रंगेहात मुचुल्का, नोट बिवरणमा भएको दस्तखत मेरो हो भनी बयान गरेको देखिन्छ भने यस अदालतसमक्ष उजुरी व्यहोरा गलत हो । पारिवारिक पुरानो विवादको कारण षडयन्त्रपूर्वक मउपर उजुरी दिएको हो । व्यक्तिगत रुपमा उजुरीकर्तासँग रिसइवी छैन । मेरो टेबुलको घर्रा खानतलासी गर्दा एक्कासी रकम फेला पऱ्यो भनी वहाँहरुले भन्नु भयो । उक्त रकम म पिसाब फेर्न गएको कसले त्यहाँ राखिदिएको हो मलाई केही थाहा भएन । घुस मागेको होइन । लिपिवद्ध व्यहोरा झुठ्ठा हो । अतः आरोप -दावीबाट सफाई पाउँ भनी आरोपित कसुरमा इन्कार रही बयान गरेको देखिन्छ ।

११.मिसिल संलग्न साक्षी बकपत्र अवलोकन गर्दा, वादीका साक्षीहरुले बरामदी मुचुल्काको व्यहोरा ठीक साँचो हो र त्यसमा रहेको सहिछाप आफ्नै हो भनी बकपत्र गरेको देखिए तापनि प्रतिवादीको साक्षीले प्रतिवादी इमान्दार हुँदा निजले घुस मागेको होइन भनी बकपत्र गरेको देखिन्छ ।

१२.प्रस्तुत मुद्दा भ्रष्टाचारसँग सम्बद्ध फौज्दारी कसुर भएकोमा विवाद छैन । फौजदारी न्यायको मान्य सिद्धान्तअुनसार आपराधिक कार्य **(Actus Reus)** र आपराधिक मनसाय **(Mens Rea)**को संयोजन बेगर आपराधिक दायित्वको सिर्जना हुन सक्दैन । यस सैद्धान्तिक कोणबाट मिसिल संलग्न प्रमाणहरु अवलोकन गर्दा, प्रस्तुत मुद्दामा उजुरीकर्ता जाकिर हुसेन अन्सारीले अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालयसमक्ष आफ्नो घरमा धान कुट्ने तथा गहुँ पिसानी गर्ने सेलर मिल संचालन गर्दै आएकोमा उक्त मिलको क्षमता बढाउनको लागि आज भन्दा तीन महिना अगाडि नेपाल विद्युत प्राधिकरण, कलैया, बारामा निवेदन दिएकोमा सो निवेदन उपर कारवाही नभएपछि सो काम गरिदिनका लागि पटक-पटक कार्यालयमा जाँदा समेत मेरो काम नभएकोले कार्यालय प्रमुखको आदेशानुसार कार्यालयको ९ नं. कोठामा बस्ने इन्जिनियर साहेब र सुपरभाइजर अनिलप्रसाद यादवलाई आफ्नो काम गरिदिनका लागि कुरा गर्दा निजहरुले उक्त मिलको क्षमता बढाउनको लागि हामीलाई रु.२०,०००।- (बीस हजार रुपैया) घुस दिनु भयो भने काम गर्छौं भने पश्चात् मोलमोलाई गर्दै जाँदा रसिदको लागि रु.१,५००।- र हामीलाई रु.९,५००।- (नौ हजार पाँच सय रुपैंया) घुस रकम दिनु भनेकोले

निजहरुलाई घुस/रिसवत बापतको रकम दिनको लागि आयोगबाटै रकम उपलब्ध गराई घुस/रिसवत लिने कर्मचारीलाई आवश्यक कारवाही गरिपाऊँ भनी मिति २०७४।१२।२०मा उजुरी निवेदन दिनुको साथै सो निवेदन मागअनुरुप आयोगबाट रु ९,५००। बुझी लिई भरपाई गरिदिएको देखिन्छ । त्यस्तै निज उजुरीकर्ताले आयोगसमक्ष मेरो नेपाल बिद्युत प्राधिकरण, कलैया वितरण केन्द्रका इन्जिनियर रतनेश कुमार चौधरीसंग पूर्व चिनजान, नाता सम्बन्ध, लेनदेन, झैं-झगडा, रिसइवी केही पनि छैन। कामको सिलसिलामा कार्यालयमा आउँदा चिनेको हो। आयोगको कार्यालय, हेटौंडामा दिएको निवेदन स्वयं मैले दिएको हो र नोट बुझेको भर्पाईमा भएको सहीछाप पनि मेरै हो। मैले सञ्चालन गरेको कुटानी तथा पिसानी गर्ने सेलर मिलको क्षमता बृद्धि गर्न आज भन्दा एक महिना अगाडि नै नेपाल बिद्युत प्राधिकरण कलैया वितरण केन्द्रमा निवेदन दर्ता गरेपनि निज इन्जिनियर रतनेश कुमार चौधरी र सोही शाखामा काम गर्ने सुपरभाईजर अनिल कुमार यादव दुबै जनाले रु. २०,०००।—(बीस हजार) घुस रिसवत वापत माग गरिरहेका थिए। मोलमोलाई हुंदै जांदा रु.९,५००।— घुस र १,५००।— सरकारी दस्तुर लाग्छ भनेकाले मैले उक्त रकम घुस बापत दिएको हो। तर मेरो टेलिफोनमा ईन्जिनियर रतनेश कुमार चौधरीसंग रकम कसलाई दिने भनी कुरा हुंदा निजले मलाई नै दिनु भनेकाले मैले उक्त रकम निजलाई दिएको हो। मैले पेश गरेको टेलिफोन वार्तालापको रेकर्डमा म र ईन्जिनियर रतनेश कुमार चौधरी बीच भएको घुस रिसवतसम्बन्धी कुरा रहेको छ। उक्त कार्यालयबाट मेरो मिलको क्षमता बढाउने काम अहिलेसम्म पनि भएको छैन। मैले निवेदन पेश गर्दा मेरो सम्पर्क नम्बर ९८४९२१९१११ मात्र उल्लेख भएको रहेछ तर मेरो अर्को सम्पर्क नम्वर ९८१७२९८४१६ समेत रहेकोले मैले ईन्जिनियर रतनेश कुमार चौधरीसंग कुरा गर्दा उक्त पछिल्लो नम्बर ९८१७२९८४१६ बाट कुरा गरेको थिएँ। निज पक्राउ परेका इन्जिनियरलाई कानुनबमोजिम कारवाही होस् भनी कागज पनि गरेको देखिन्छ । तर निज उजुरीकर्ताले यस अदालतसमक्ष आयोगमा दिएको उजुरी मैले लेखेको होइन । त्यसमा लेखिएको कुरा गलत छ । रतनेश कुमार चौधरीले घुस मागेको वा लिएको होइन । अनिल प्रसाद यादवले मेरो फाइल दर्ता नगरी दराजको घर्रामा राखिदियो र विद्युतीय क्षमता वृद्धि गर्न रु २०,०००।-मागेको हो । मिति २०७४।१२।२१ मा अनिल प्रसाद यादव कोठामा थिएन । मैले प्रहरीलाई खबर गर्दा कसैलाई थमाउन न पैसा भनेकोले रतनेश कुमार चौधरीको टेबुलको घर्रामा राखी भागेको भनी आफ्नो मौकाको उजुरी एवम् कागजको व्यहोरा खण्डित हुने गरी बकपत्र गरेको देखिन्छ । यसरी उजुरीकर्ता स्वयले मौकाको उजुरी एवम् कागजको व्यहोरा खण्डित हुने गरी यस अदालतसमक्ष बकपत्र गरेको परिप्रेक्ष्यमा अन्य स्वतन्त्र प्रमाणबाट परिपुष्टि नभएसम्म निज प्रतिवादीले सेवाग्राहीसँग घुस/ रिसवत लिएको निष्कर्षमा पुग्नु न्यायोचित हुन सक्दैन । यस सन्दर्भमा सम्मानित सर्वोच्च अदालतबाट देहायबमोजिम कानूनी सिद्धान्तसमेत प्रतिपादित भइरहेको पाइन्छ ।

"...उजुरकर्ता टेकबहादुरले अनुसन्धानको क्रममा उल्लेख भएको व्यहोरा खण्डित हुनुका साथै निजले बकपत्र गर्दा रिसइवीका कारण उजुरी दिएको हुँ भनी बकपत्र गरेको देखिँदा अभियोग दावी प्रमाणि हुन सकेको देखिएन "[3]

[3] नेपाल सरकार विरुद्ध नवराज श्रेष्ठ समेत, मुद्दा: घुस/रिसवत लिई भ्रष्टाचार गरेको मुद्दा नं. ०७२-CR-०३६८

"...उजुरीकर्ताबाट उजुरीलाई खण्डित हुने गरी अदालतमा बकपत्र गर्दछ भने त्यस्तो अवस्थामा अन्य स्वतन्त्र प्रमाणबाट पुष्टि नभएसम्म प्रतिवादीले रिसवत लिएको भनी ठहर गर्न न्यायसंगत नहुने ..."[4]

१३.**परमार्थमा प्रस्तुत मुद्दाको प्रकृतिको परिप्रेक्ष्यमा बरामदी मुचुल्काको महत्त्वपूर्ण स्थान रहेको हुन्छ । किनकि बरामदी मुचुल्का भनेको कसुरसँग सम्बद्ध दशी सामान कहाँ, कसबाट, के कति फेला परेको भनी दुरुस्त रुपमा देखाउने एउटा तस्बीर हो । जुन तस्बीर अलिकति मात्र धमिलो देखिएमा बरामदी मुचुल्काको विश्वसनीयतामा नै प्रश्न उठ्न सक्छ** । अतः प्रस्तुत मुद्दासँग सम्बद्ध बरामदी मुचुल्का हेर्दा, प्रतिवादी बस्ने टेबुलको तीन वटा घर्रामध्ये माथिल्लो घर्राबाट सेवाग्राहीसँग लिएको भनिएको रु.९५००।- बरामद भएको देखिन्छ । तर प्रतिवादी रतनेश कुमार चौधरीले यस अदालतसमक्ष बयान गर्ने क्रममा म पिसाव फेर्न गएको अवस्थामा घर्रामा रकम कसले राखिदियो मलाई थाहा भएन भन्ने व्यहोराङ्कन गरेको देखिन्छ भने उजुरीकर्ता जाकिर हुसेन अन्सारीले यस अदालतसमक्ष बकपत्र गर्ने क्रममा अनिल प्रसाद यादव कोठामा नभएको भनी प्रहरीलाई खबर गर्दा कसैलाई थमाउन न पैसा भनेकोले रतनेश कुमार चौधरीको टेबुलको घर्रामा राखी भागेको भन्ने व्यहोराङ्कन गरेको भन्ने देखिन्छ । यसको साथै उक्त बरामदी मुचुल्कामा प्रतिवादीको टेबुलको घर्रामा तालाबन्द रहेको वा खुल्ला नै रहेको कुरा प्रष्ट रुपमा उल्लेख गरिएको देखिँदैन । यस स्थितिमा प्रतिवादीको टेबुलको घर्राबाट उजुरकर्ताले राखेको भनिएको रकम बरामद गरी मुचुल्का खडा गरेको आधारले मात्र अन्य प्रमाणको अभावमा निज प्रतिवादीलाई दोषी ठहराउन न्यायसंगत हुन सक्दैन ।

१४.सिद्धान्ततः अभियोजन पक्षले घुस/रिसवतसम्बन्धी मुद्दामा प्रतिवादीउपरको आरोपित कसुर स्थापित गर्न **'proof of demand of illegal gratification'** र **'proof of acceptance of illgal gratification'** प्रस्तुत गर्न सक्नु पर्दछ तर अभियोजन पक्षले यी प्रतिवादीले मन्जुरीका साथ उजुरीकर्तासँग घुस/रिसवत माग गरेको वा स्वीकार गरी लिएको प्रत्यक्ष देख्ने साक्षी गवाह एवम् प्रमाण प्रस्तुत गरी पुष्टि गर्न सकेको देखिँदैन । यस सन्दर्भमा सम्मानित सर्वोच्च अदालतबाट "**...कसैले कसैको गोजीमा थाहा नपाई वा मन्जुरी बेगर पैसा राखिदिनु र बरामद गराउनुले मात्र कुनै राष्ट्रसेवकलाई दोषी करार गर्न मिल्दैन । राष्ट्रसेवकको मन्जुरीले घुस लिएको प्रमाणित हुनुपर्दछ** "[5] भनी व्याख्यासमेत भइरहेको परिप्रेक्ष्यमा प्रतिवादीले आफ्नो मन्जुरीले उजुरकर्तासँग घुस/ रिसवत लिएको प्रष्ट र प्रत्यक्ष प्रमाण बेगर निज प्रतिवादीलाई कसुरदार ठहराउन न्यायोचित हुन सक्दैन ।

१५.प्रस्तुत मुद्दामा अभियोजन पक्षले प्रमाणको अरुपमा बिद्युतीय माध्यमबाट सङ्कलित श्रव्य दृश्ययुक्त सि.डी.एवम् टेलिफोन वार्तालापयुक्त सि.डी.समेत पेश गरेको देखिन्छ । प्रमाण ऐन, २०३१ ले **"अदालतले मुद्दामा ठहर गर्नुपर्ने कुरा र त्यस्तो कुरासँग सम्बद्ध कुराको मात्र प्रमाण बुझ्न हुने र सम्बद्ध कुरा भन्नाले मुद्दामा ठहर गर्नुपर्ने कुरालाई प्रमाणित वा खण्डन गर्न सहायक हुने कुरालाई सम्झनुपर्ने"** [6] कानूनी व्यवस्था गरेको परिप्रेक्ष्यमा अभियोजन पक्षले पेश गरेको उक्त सि.डी.लाई प्रमाणको रुपमा ग्रहण गरी मूल्याङ्कन गर्नुपर्ने देखियो । अतः उक्त सि.डी. एवम् त्यसको लिपिवद्ध उतारसमेत अवलोकन गर्दा, उजुरीकर्ता जाकिर हुसेन अन्सारी र प्रतिवादी रतनेशकुमार चौधरीका बीच टेलिफोन वार्तालापको रेकर्डबाट उजुरीकर्ताले म खुश्बु राईस मिलको साहु भन्दा ईन्जिनियर रतनेश कुमार चौधरीले अहिले अनिल आएको छैन, भोलि पर्खनु

---

[4] नेपालकानून पत्रिका, २०६६ नि.नं. ८०८५ पृष्ठ ३३२

[5] सर्वोच्च अदालत, बुलेटिन, २०७५ पूर्णाङ्क ६२९ पृष्ठ १६

[6] प्रमाण ऐन, २०३१ दफा ३

पर्छ भनेको, उजुरीकर्ताले सर तपांईसंग कुरा भईहाल्यो, महशुल व्यवस्था गरेर घरबाट बाहिर निस्कि सके,केही समयमा कार्यालय पुगीहाल्छु भन्दा ईन्जिनियरले ठिक छ आउनुन छोडीदिनु म काम गराई दिन्छु भनेको। उजुरकर्ताले पैसा कसलाई दिने तपाईलाई कि अनिल सरलाई भन्दा ईन्जिनियर रतनेश कुमार चौधरीले मलाई दिने भनी वार्तालाप भएको देखिन्छ । त्यस्तै श्रव्य दृश्ययुक्त सि.डी.बाट प्रतिवादीको टेबुल घर्रामा ताला बन्द भएको देखिँदैन ।प्रतिवादीलाई नियन्त्रण लिनासाथ रंङ्गेहात परिक्षणको प्रक्रिया शुरु गरेको नभई रकम गन्न लगाएपछि मात्र उक्त परीक्षण प्रक्रिया सुरु गरेको देखियो । वस्तुतः प्रतिवादी र उजुरीकर्ताका बीच भएको टेलिफोन वार्तालापमा प्रतिवादीले उजुरकर्तासँग घुस रिसवत माग गरेको देखिँदैन । बरु महशुलको सम्बन्धमा कुरा गरेकोसम्म देखिन्छ । यसरी उजुरीकर्ताले महशुलको व्यवस्था गरेर म घरबाट निस्की सके भनी वार्ता गर्नुको अर्थ प्रतिवादीले घुस/ रिसवत मागेको आशंका र अनुमान गरी सोको आधारमा प्रतिवादीलाइ कसुरदार कायम गर्नु कानून र न्यायसम्मत हुन सक्दैन ।

१६.मिसिल संलग्न प्रमाण कागजहरुको अवलोकन गर्दा, उजुरीकर्ताले मिलको बिद्युतीय क्षमता बृद्धि गर्नका लागि कष्टिङ गर्ने कर्मचारीले सम्बन्धित फाराममा रु.९५००।- दस्तुर लाग्ने भनी उल्लेख गरेको देखिन्छ । निज उजुरकर्ताको तत्सम्बन्धी फाइल सुपरभाइजर अनिलकुमार यादवको टेबुलमा रहेको तथ्य नेपाल विद्युत प्राधिकरण, कलैया वितरण केन्द्रको मिति २०७५।६।१२ च.न.४१५ को पत्रसंलग्न मुचुल्काबाट पुष्टि भएको देखिन्छ।त्यस्तै मिसिल संलग्न हाजिरी विवरणबाट घटना भएको दिन अर्थात मिति २०७४।१२।२१ मा निज सुपरभाइजर अनिलकुमार यादव बिदामा बसेको पनि देखिन्छ ।**वस्तुतः कष्टिङ्ग फाराममा लेखिएअनुरुपको रकम नै प्रतिवादीको घर्राबाट बरामद भएको र टेलिफोन वार्तालापमा पनि महशुलकै बारेमा कुरा भएको परिप्रेक्ष्यमा प्रतिवादीले उजुरकर्तासँग घुस/ रिसवतको रुपमा रकम लिएको भनी निचोड निकाल्न न्यायको मान्य सिद्धान्तले अनुमति प्रदान गर्दैन ।**

१७.प्रस्तुत मुद्दामा प्रतिवादी रतनेशकुमार चौधरीको हात **'sodium carbonate'** मिसाइएको पानीको गिलासमा घुन लगाउँदा पानीको रङ्ग बैजनी रातो (**Light pink to violetred**) भएको तथ्य रङ्गेहात परीक्षण नमूना संङ्कलन मुचुल्काबाट देखिएको छ । तदनुरुप केन्द्रीय प्रहरी विधि विज्ञान प्रयोगशालाको मिति २०७५।१।६ च.नं ५०८०को पत्रसाथ पठाइएको परीक्षण प्रतिवेदनबाट प्रतिवादीले हात घोएको पानीमा फेनोल्फेथालिन (phenolphthalein) पाइएको समेत देखिन्छ।विज्ञानको नियमले आयोगबाट फेनोल्फेथालीन मिसाएको रकम नलिएको वा नछोएको भए निज प्रतिवादीले हात धोएको उक्त पानीको रंङ्ग बैजनी रातोमा परिवर्तन हुन सक्दैनथ्यो तर माथि उल्लिखित श्रव्यदृश्ययुक्त सि.डि. अवलोकन गर्दा, आयोगवाट खटिएका कर्मचारीहरुले पहिला प्रतिवादीलाई रकम गन्न लगाएको र त्यस पछिमात्र रंङ्गेहात परीक्षण गरेको देखियो । यस स्थितिमा निज प्रतिवादीको हात धोएको पानीको रंङ्ग परिवर्तन हुनु स्वाभाविक नै हुन्छ । **वस्तुतः अनुसन्धान अधिकारीले पहिला आयोगबाट उपलव्ध गराएको रकम प्रतिवादीलाई छुन, समाउन वा गन्न लगाएर त्यसपछि रंङ्गेहात परीक्षण गराएको कार्यलाई स्वच्छ सुनुवाइको सिदान्तले समर्थन गर्दैन ।**

१८.यसरी माथि विवेचना गरेअनुरुप प्रतिवादीले आरोपित कसुरमा इन्कार रही गरेको बयान, उजुरीकर्ताले मौकाको उजुरी एवं कागजको व्यहोरा खण्डित हुने गरी गरेको बकपत्र, महशुल र कामको प्रसंङ्गमासम्म वार्तालाप गरेको रेकर्ड, प्रतिवादीलाई रकम गन्न लगाएपछि मात्र रंङ्गेहात परीक्षण गरेको श्रव्यदृश्ययुक्त सि.डि.,उजुरकर्ताको मिलको बिद्युतीय क्षमता अभिवृद्धि गर्न लाग्ने कष्टिङ फाराम उल्लिखित दस्तुर बराबरकै

रकम मात्र प्रतिवादीको टेबुलको घर्रामा रहेको, उजुरीकर्ताको निवेदनसंग सम्बद्ध फाइल अनिल प्रसाद यादबको टेबुलमा रहेको, प्रतिवादीले उजुरकर्तासंग घुस र रिसवत मागेको वा लिएको प्रत्यक्ष प्रमाण नभएको अवस्थामा निज प्रतिवादीले आरोपित कसुर गरेको अनुमान गर्न फौजदारी न्यायको मान्य सिदान्तले अनुमति प्रदान गर्दैन । यस सन्दर्भमा सम्मनित सर्वोच्च अदालतबाट " **...घुस रिसवत लिएकोमा प्रतिवादीले अदालतमा पूर्ण इन्कारी बयान दिएको पाइन्छ । उजुरकर्ताले अदालतमा बकपत्र गर्दा रकम माग्ने व्यक्ति रमेशकुमार भट्टराई भएका हुँदा पुनरावेदक प्रतिवादीलाई सजाय हुनुपर्ने होइन भनी लेखाएका ...उजुरकर्ताको फाइल प्रतिवादीसँग नभई रमेशकुमार भट्टराईसँग रहेको अवस्थामा पुनरावेदक प्रतिवादीलाई उजुरकर्ताको अधिकार प्राप्त अधिकारीसमक्षको बयानकै आधारमा मात्र दोषी ठहर गर्न मिल्ने देखिएन "** [7] **भनी व्याख्या समेत भइरहेको पाइन्छ ।**

१९.परमार्थमा भ्रष्टाचार जस्तो गम्भीर कसुर स्थापित हुनको लागि प्रतिवादीबाट रकम बरामद हुनु नै पर्याप्त प्रमाण हुन सक्दैन । प्रतिवादीले सो रकम स्वेच्छाले माग गरेको र स्वेच्छाले नै घुसको रुपमा रकम लिएको तथ्य वस्तुनिष्ठ एवम् विश्वसनीय र प्रचुर एवम् पर्याप्त प्रमाणवाट परिपुष्टि हुनु पर्दछ । यस विषयमा भारतीय सर्वोच्च अदालतबाट एक मुदामा "...**The Law on the issue is well settled that demand of illegal gratification is sine qua non for constituting an offence under the Act,1988.Mere recovery of tainted money is not sufficient to convict the accused when substantive evidence in the case is not reliable, unless there is evidence to prove payment of bribe or to show that the money was taken voluntarily as a bribe. Mere receipt of the amount by the accused is not sufficient to fasten guilt, in the absence of any evidence with regard to demand and acceptance of the amount as illegal gratification.'**[8] भनी भएको व्याख्या सान्दर्भिक देखिन्छ।

२०.प्रस्तुत मुद्दा फौजदारी मुद्दा भएकोमा वविाद छैन। अत: फौजदारी मुद्धा अभियुक्तको कसुर प्रमाणित गर्ने भार अभियोजन पक्षमा हुने **(Offence must be Proved by the Prosecutor)** सिद्दान्तलाई प्रमाण ऐन २०३१ले आत्मसात् गरी **कानूनी व्यवस्थासमेत समाहित गरेको पाइन्छ** । " [9] यस सन्दर्भमा सम्मानित सर्वोच्च अदालतबाट "**कसैउपर दोषारोपण गर्नु मात्र पर्याप्त हुँदैन । शंकारहित ढंगबाट ठोस प्रमाणद्वारा प्रमाणित गराउन सक्नु पर्छ** " [10] भनी कानूनी सिद्दान्तसमेत प्रतिपादन भइरहेको पाइन्छ तर अभियोजन पक्षले आरोप-दावीअनुरुप प्रतिवादीले आपराधिक मनसायसहित आपराधिक कार्य गरी आफ्नो स्वेच्छाले उजुरकर्तासँग घुस/रिसवत माग गरी रकमसमेत लिई भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा ३(१) को कसुर गरेकै हो भनी शँकारहित तवरबाट वस्तुनिष्ठ एवम् विश्वसनीय प्रमाण प्रस्तुत गर्न सकेको देखिँदैन । यस्तो अवस्थामा अन्दाज, आशंका र अनुमानको आधारमा निज प्रतिवादी रतनेश कुमार चौधरीले आरोपित कसुर गरेको ठहर गर्न फौजदारी न्यायको **"शंकाको सुविधा अभियुक्तले पाउने' (Benefit of doubt goes to the accused)** एवम् निर्दोषिताको अनुमान **(Presumption of innocence)** सम्बन्धी सिद्धान्तले अनुमति प्रदान नगर्ने हुँदा निज प्रतिवादीले आरोपित कसुरबाट सफाइ पाउने देखियो ।

---

[7] कृष्णप्रसाद पनेरु विरुद्ध नेपाल सरकार , मुद्दा घुस/रिसवत लिई भ्रव्टाचार गरेको मुद्दा नं ०७१ -CR-१६६६

[8] state of punjab v. Madan Moban lal verma,2013 (6) supreme 2013(10) scale 211,2013 (8)scl 601 AIR 2013 sc 3368

[9] प्रमाण ऐन,२०३१ को दफा २५

[10] सर्वोच्च अदालत, बुलेटिन , २०६८ पूर्णाङ्क ४६९ पृष्ठ १३

२१.अब दोश्रो प्रश्नतर्फ विचार गर्दा, प्रचलित कानूनको बर्खिलाप काम गर्ने व्यक्तिलाई मात्र जतिमात्राको कसुर गरेको छ सोहीअनुरुप सजाय दिनु नै दण्डको सार र सिद्धान्त हो । तर माथि विवेचना गरे अनुरुप प्रतिवादीले आरोप-दावीअनुरुपको कसुर गरेको पुष्टि नभई आरोपित कसुरबाट सफाइ पाएको स्थितिमा निज प्रतिवादीउपर कुनै सजायको उदघोष गरिरहनु पर्ने अवस्था नै देखिन आएन ।

२२.अतः माथि विवेचित आधार र कारणबाट आरोप-दावीअनुरुप प्रतिवादी रतनेश कुमार चौधरीले सेवाग्राहीसँग घुस/ रिसवत मागेको र लिएको कुरा पुष्टि भएको समेत नदेखिँदा निज प्रतिवादीलेआरोपित कसुरबाट सफाइ पाउने ठहर्छ ।अरु कुरा तमसिलखण्ड बमोजम गर्नु होला।

<u>तपसील खण्ड</u>

माथि ठहरखण्डमा लेखिएबमोजिम प्रतिवादी रतनेश कुमार चौधरीले आरोप-दाबीबाट सफाई पाउने ठहरेकाले निजले यस अदालतको आदेशानुसार मुद्दा पुर्पक्षको क्रममा र नं ८१६ मिति २०७५।१।१३मा रु ९५००। धरौटी दाखिला गरेको देखिँदा प्रस्तुत मुद्दाको अन्तिम टुंगो लागेपछि धरौटी फिर्ता पाउँ भनी प्रतिवादीले दरखास्त दिए नियमानुसार धरौटी फिर्ता दिनू १

आरोपपत्रसाथ दाखिल भएको बरामदित रकम रु.९५००/- यस अदालतको धरौटी र.नं.८१७मिति २०७५।१।१३ मा धरौटमा राखेको देखिँदा उक्त रकम नियमानुसार अख्तियार दुरुपयोग अनुसन्धान आयोग, हेटौटामा फिर्ता पठाइदिनू.....२

फैसलाको प्रमाणित प्रतिलिपि साथै राखी यस फैसलामा चित्त नबुझे विशेष अदालत ऐन, २०५९ को दफा १७ बमोजिमको म्याद दिन ३५(पैंतीस) भित्र श्री सर्वोच्च अदालतमा पुनरावेदन गर्न जानु होला भनी विशेष सरकारी वकीलको कार्यालय, काठमाडौंलाई पुनरावेदनको म्याद दिनू.....३

सरोकारवालाले फैसलाको प्रतिलिपि माग गरे नियमानुसार फैसलाको प्रमाणित प्रतिलिपि दिनू.....४

प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार गरी अभिलेख शाखामा बुझाइदिनू.....५

सदस्य सदस्य

फैसला लेखनमा सहयोग गर्नेः

रमेश श्रेष्ठ

इजलास अधिकृत

कम्प्यूटर टाईप गर्ने ः विश्वराज पोखरेल

ईति सम्वत् २०७५ साल मसिर २० गते रोज ५ शुभम्